# छ

# साहित्यिक र अन्य पत्रकारिता

मोरङमा साहित्यिक पत्रकारिताको सुरुआत २००९ सालदेखि भए पनि ५० वर्ष लामो इतिहासमा नियमित र स्तरीय साहित्यिक पत्रिका एउटै नहुनु बिडम्बना नै मान्नु पर्छ । तथापि बेला-बेलामा सानै अवधिका लागि निस्किएका साहित्यिक पत्रिका र समसामयिक रूपमा निस्केका साहित्यिक पत्रिकाले मोरङको साहित्यिक गतिविधिलाई सक्रिय बनाएको छ । साथै प्रतिभाहरूलाई पाठकसमक्ष ल्याउने धेरै प्रयास गरेको छ । साहित्यिक पत्रिका लामो समयसम्म निकाल्न नसक्नुमा पहिलो आर्थिक कारण नै हो । समाचारपत्रहरूले पाउने सीमित विज्ञापन पनि साहित्यिक पत्रिकाले नपाउने र पत्रिकाको बिक्री पनि नहुने अवस्थाले गर्दा रहर र रुचिले साहित्यिक पत्रिका निकाल्ने व्यक्तिहरू क्रमशः यो क्षेत्रबाट पलायन भएका छन् । फेरि साहित्यिक पत्रिका निकाल्ने व्यक्ति आफै साहित्यप्रति रुचि भएको व्यक्ति त हुनैपर्छ । त्यसबाहेक भाषा र साहित्यको राम्रो जानकारी राख्ने व्यक्ति हुनु पनि आवश्यक छ । साहित्यिक पत्रिका निकालेर जीविकोपार्जन हुन नसक्ने स्थिति भएको हाम्रो देशमा साहित्यमा रुचि राख्ने व्यक्तिहरू साहित्यिक पत्रिका निकाल्नुभन्दा अन्य काम गर्नेतिर नै बढी सक्रिय हुनु अस्वाभाविक होइन । मोरङको साहित्यिक पत्रिकाको सन्दर्भमा पनि सोही तथ्य लागू हुन्छ । मोरङबाट साहित्यिक र अन्य



पत्रिकामा ३५ मासिक, १२ द्वैमासिक, २५ त्रैमासिक, पाँच अर्धवार्षिक, २३ वार्षिक, ७३ समसामयिक र अन्य १८ गरी कूल १९१ पत्रिका प्रकाशित भएका छन् ।

## मासिक पत्रिकाहरू

मोरङबाट प्रकाशित भएका ३५ मासिक पत्रिकामध्ये *नेपाल जूट* जूटसम्बन्धी, *विकास परिचय* र *प्रतिभा* विविध विषयसम्बन्धी, *पूर्व क्षितिज* सुरुमा राजनीतिक र पछि सामान्यज्ञानसम्बन्धी, *बोटविरुवा* कृषिसम्बन्धी, *सामुदायिक समाचार* संस्थाको गतिविधिसम्बन्धी, *कोशी प्रवाह* राजनीतिसम्बन्धी, *इन्फो साइन्स* विज्ञानसम्बन्धी र *माई फ्रेण्ड* विद्यार्थीहरूको लागि सहायक सामग्रीका रूपमा प्रकाशित पत्रिका हुन् । तर *विकास परिचय* र *प्रतिभा*मा केही साहित्यिक सामग्री पनि समाविष्ट छन् । मोरङको महत्त्वपूर्ण साहित्यिक मासिक पत्रिकाबारे तल चर्चा गरिएको छ ।

### पहिलो हस्तलिखित पत्रिकाः *चन्द्रोदय* र मुद्रित पत्रिकाः *आदर्श-वाणी*

मोरङको साहित्यिक पत्रकारिताको इतिहास समाचारपत्रको इतिहासभन्दा पुरानो रहेको छ । समाचारपत्रको इतिहास २०१२ सालदेखि सुरु भएको पाइन्छ भने साहित्यिक पत्रकारिताको इतिहास २००९ सालमा नै प्रारम्भ भएको हो । हुन त छापाखानाबाट मुद्रित भै पत्रिका प्रकाशन हुनुअघि हस्तलिखित पत्रिका पनि निस्कने गरेको कुरा कतिपय पुस्तकहरूमा उल्लेख छ । यस्ता पत्रिकाहरूमा कृष्णप्रसाद कोइराला (वि.सं. १९३६-२००१) को सम्पादन र आदर्श विद्यालय, विराटनगरको प्रकाशनमा *चन्द्रोदय*को प्रकाशन भएको हो भन्ने पनि उल्लेख गर्ने गरिन्छ (देवकोटा २०२४) । मासिक साहित्यिक पत्रिकाका रूपमा निस्कने भनिएको *चन्द्रोदय* १९८६ देखि १९९४ सालसम्मको अवधिबीच निस्केको अनुमान छ । यसबारे अनुसन्धाता देवकोटा लेख्छन्:

> २००७ सालको परिवर्तनअघि नेपालबाट छापिएका पत्रिकाहरूमात्र प्रकाशित नभई हस्तलिखित पत्रिकाहरू पनि प्रकाशित भए । हस्तलिखित पत्रिकाहरूमध्ये विराटनगरबाट २००९ साल भाद्रमा प्रकाशित भएको नेपाली-हिन्दी भाषाको *आदर्श-वाणी* नामक मासिक पत्रिकामा प्रकाशित आदर्श-वाणीको प्रति शीर्षक श्री सुवर्ण शमशेरको "अमर शहीद श्री कृष्णप्रसाद कोइरालाद्वारा भूँइचालोको २ वर्षअघि विराटनगरमा आदर्श विद्यालय खोलियो । उसबखत पराले झुप्रोमा पढाइन्थ्यो । ९४ सालमा जब स्कूल पक्की बन्यो अनि ठाउँ सरेको हो । सो स्कूलमा विविध प्रकारका खेल र तर्क-सभामा विद्यार्थीहरूको शारीरिक र मानसिक विकास होस् भन्नाका निमित्त *चन्द्रोदय* व्यक्ति-आक्षेपरहित मासिक पत्र सम्पादन हुन थाल्यो । यो एउटै प्रति निस्कन्थ्यो । ९२-९४ को "मुलुकी-बन्देज"मा पनि दोस्रो शान्ति निकेतन तुल्याउने जन्मदाताको चेष्टा र लक्ष्य थियो तर हुर्किने अवस्थामा अनाथ भयो । यसपछि पत्रिका देखिएन । यो हो यसको शैशवको अपूर्ण कथा" भन्ने भनाइबाट जेठो पत्रिका *चन्द्रोदय* नै हो

> भन्ने देखिन्छ तर यसको कुनै प्रति नदेखिएबाट यो पत्रिका कुन मितिमा कसको सम्पादनमा के-कस्तो सामग्रीद्वारा सुसज्जित भई प्रकाशित भएको हो, क्यै भन्न सकिन्न (देवकोटा २०२४: ७८) ।

*चन्द्रोदय*को एक अङ्क मात्रै पनि कतै उपलब्ध हुनसके पत्रिकाको प्रामाणिकता सिद्ध गर्न बल पुग्ने थियो । प्रामाणिक रूपमा देखा पर्ने मोरङ जिल्लाको पहिलो पत्रिका *आदर्श-वाणी* हो र यो लक्ष्मण शास्त्री (वि.सं. १९६४-२०५०) को सम्पादन र आदर्श छात्रसङ्घ, आदर्श विद्यालय, विराटनगरको प्रकाशनमा २००९ सालको साउन महिनामा पहिलोपल्ट निस्केको थियो । त्यसबखत पत्रिका प्रकाशन गर्न दर्ता गर्नुपर्ने व्यवस्था नभएकोले होला *आदर्श-वाणी* कुनै सरकारी कार्यालयमा दर्ता भएको थिएन । नेपाली र हिन्दी भाषामा निस्केको *आदर्श-वाणी*को वर्ष १ अङ्क ३/४ संयुक्त रूपमा २००९ साल कात्तिकमा प्रकाशित भएको थियो र त्यसपछि यो सदाका लागि बन्द भयो । यस पत्रिकाले आफूलाई "विराटनगरको सर्वप्रथम मासिक" भनी दावी गरेको छ । त्यसबेलाको कठिनतम् परिस्थिति, साधन र स्रोतको अभाव, चेतनाको कमजोर अवस्था हुँदाहुँदै पनि *आदर्श-वाणी*को तीन अङ्क प्रकाशित हुनुलाई पनि अत्यन्त महत्त्वपूर्ण मान्नु पर्छ । यसको पहिलो अङ्कको सम्पादकीयमा भनिएको छः "...नव प्रकाशको प्रभाव खास गरेर सर्वप्रथम छात्र-वर्गमा पर्नु स्वाभाविक कुरो छ । यसैले प्रभावित भएर सम्पन्नता नहुँदा पनि आदर्श विद्यालयका छात्र-वर्गले आदर्श विद्यालय विराटनगरबाट *आदर्श-वाणी* नामक मासिक पत्रिका प्रकाशित गर्ने कठिनतम् साहस गरेका हुन् ।"

मोरङबाट प्रकाशित पहिलो मुद्रित पत्रिका *आदर्श-वाणी*का सम्पादक लक्ष्मण शास्त्रीले पनि *चन्द्रोदय*लाई नै मोरङको पहिलो पत्रिकाका रूपमा स्वीकारेका छन् । उनले *प्रतिष्ठान* पत्रिकाका सम्पादकलाई लेखेको पत्रमा यो स्वीकारोक्ति गरिएको हो । *प्रतिष्ठान*को पूर्णाङ्क १ (२०४३) मा छापिएको सम्पादकलाई पत्रमा सो कुरा उल्लेख छः

> ...विराटनगरको पत्रकारिताको इतिहासलाई अनुसन्धान गर्ने अनुसन्धाताहरूमध्ये कतिले *चन्द्रोदय*लाई र कतिले *आदर्श-वाणी*लाई प्रथम हस्तलिखित पत्रिका मानेको हुनाले त्यसको निराकरणका निमित्त यो चिठी लेखेको छु । ...वर्तमान आदर्श माध्यमिक विद्यालयका तत्कालीन शिक्षक यदुवंशलाल दास "चन्द्र" जो आज पनि राजविराजमा घरजम गरेर बस्नु भएको छ, उहाँ त्यो बेला त्यस विद्यालयको सेकेण्ड माष्टर हुनु हुन्थ्यो र उहाँले धेरै कविता, खण्डकाव्य र *त्रिवेणी* नामको महाकाव्य पनि लेख्नु भएको रहेछ । उहाँले विराटनगरमा १९८६ सालदेखि कृष्णप्रसाद कोइरालाद्वारा सञ्चालित वर्तमान आदर्श मा.वि. को मुखपत्रको रूपमा *चन्द्रोदय* पत्रिकाको सम्पादन गरेर विराटनगरमा नेपाली भाषा, साहित्य, संस्कृति आदिको शुभारम्भ गरेको कुरालाई हामीले बिर्सनु हुँदैन । जसको प्रमाणका निमित्त आज पनि एक प्रति *चन्द्रोदय* श्री मातृकाप्रसाद कोइरालाज्यूसँग सुरक्षित रहेको पाउन सकिन्छ । *चन्द्रोदय*को प्रथम अङ्कमा

प्रकाशित एउटा हिन्दी कवितालाई ऋषिराम अर्जेलज्यूले अनुवाद गरेर जनसमक्ष ल्याएको कुराले पनि यस सन्दर्भलाई पुष्टि गर्दछ । जो यसप्रकार छ-
"नाथ अभय दिनुहोस् नवजीवनमा, नव-आशाको सञ्चार हवोस्, नव प्रसुन नव मधु लिएर नव-वसन्त गर प्रसार, नयाँ अङ्ग नयाँ प्राङ्गणमा, नव-मधुवनमा नव उल्लास, नव जीवनको प्रत्येक कणमा (शास्त्री २०४३: घ) ।

लक्ष्मण शास्त्रीको पत्रले *चन्द्रोदय*को सम्पादक कृष्णप्रसाद कोइराला हुन् भन्ने कुराको पुष्टि गर्दैन, बरु राजविराज घर भै त्यसबेला आदर्श विद्यालयमा शिक्षकका रूपमा कार्यरत यदुवंशलाल दास हुन् भन्ने नयाँ तथ्यलाई अघि ल्याएको छ । तर जबसम्म *चन्द्रोदय*को एकप्रति पनि उपलब्ध हुँदैन, तबसम्म यसको अस्तित्वबारे थप जानकारी पाउन सकिन्न । पत्रमा मातृकाप्रसाद कोइरालासँग पत्रिकाको एकप्रति भएको उल्लेख गरे पनि मातृकाप्रसाद कोइराला र लक्ष्मण शास्त्री दुबैजनाको निधन भैसकेको अवस्थामा यो पत्रिका प्राप्त हुने लक्षण पनि देखिँदैन । यसरी *आदर्श-वाणी*बाट सुरु भएको मोरङको साहित्यिक पत्रिका प्रकाशनको क्रम चलिरहेता पनि कुनै समय थुप्रै पत्रिका प्रकाशन भएको पाइन्छ भने कहिले ठ्याम्मै ननिस्केको पनि देखिन्छ । सुरु-सुरुमा साहित्यिक पत्रिका कुनै दर्ता भएर निस्केका छन् भने कुनै दर्ता बिना नै प्रकाशित भएका छन् ।

## उत्कृष्ट पत्रिकाः *पारिजात*

मोरङबाट प्रकाशित मासिक साहित्यिक पत्रिकाहरूमा सबैभन्दा पहिले लामो अवधिसम्म निस्केको पत्रिका *पारिजात* हो । विपिनदेव ढुङ्गेल (वि.सं. १९८३-२०४५) को सम्पादन एवं हिमालचुली प्रकाशन, विराटनगरको प्रकाशनमा २०२५ वैशाखमा पहिलो अङ्क निस्केको *पारिजात* नियमित रूपमा प्रत्येक महिना प्रकाशित भएको देखिन्छ । २०२६ जेठमा चौधौँ अङ्क प्रकाशित भै यो पत्रिका सधैका लागि बन्द हुन पुग्यो । यसको छैठौँ र सातौँ अङ्क तथा एघारौँ र बाह्रौँ अङ्क संयुक्ताङ्कका रूपमा प्रकाशित भएकाले यो १२ अङ्क मात्र छापिएको हो । यस पत्रिकाले मोरङको तत्कालीन साहित्यिक शून्यतालाई चिर्दै सिर्जना र विवेचनाका क्षेत्रमा नयाँ पुस्तालाई अघि बढाउने र स्थापित व्यक्तित्वहरूलाई पाठकसम्म पुग्ने अवसर प्रदान गरेको थियो ।

वास्तवमै *पारिजात*ले त्यसबेला नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानलाई अत्यन्त महत्त्वपूर्ण मान्नुपर्छ । यो पत्रिकाको पहिलो अङ्कमा नै केदारमान व्यथित, भीमनिधि तिवारी, हरिभक्त कटुवाल, महानन्द सापकोटा, अगमसिंह गिरी, देवकुमारी थापा, केकेमनुक्च्यो पोखरेल, धर्मराज थापाजस्ता नेपाली साहित्यका महत्त्वपूर्ण हस्ताक्षरहरूका रचनाहरू समावेश भएका छन् । त्यसपछि पनि *पारिजात*ले यो क्रमलाई निरन्तरता दिँदै तेस्रो अङ्कमा कृष्णबम मल्ल, अच्छा राई रसिक, दिल साहनी, महानन्द पौड्याल, नरेन्द्रकुमार प्रधान;

चौथो अङ्कमा गोपीनारायण प्रधान, विष्णु नवीन; पाँचौ अङ्कमा चन्द्रेश्वर दुबे, प्रफुल्लकुमार मौन, मान बज्राचार्य; छैठौँ-सातौँ संयुक्ताङ्कमा बालकृष्ण सम, लक्खीदेवी सुन्दास, विश्वराज पाण्डे, लोकेशचन्द्र प्रधान; आठौँ अङ्कमा माधव घिमिरे, केकेमनुक्च्यो पोखरेल, कृष्ण पोखरेल; नवौँ अङ्कमा पारसमणि प्रधान, महानन्द सापकोटा, ग्राबियल राना, उमानाथ शास्त्री, दुर्गाबहादुर वर्मा, विपुलेन्द्र चक्रवर्ती, रविलाल अधिकारी, गङ्गाप्रसाद कप्तान; दसौँ अङ्कमा आनन्ददेव भट्ट, मायादेवी सुब्बा, तुलसी कश्यप, लक्ष्मण श्रीमल, जगदीश नेपाली, अर्जुन निरौला; एघारौँ-बाह्रौँ संयुक्ताङ्कमा महानन्द सापकोटा, भूईदल राई, विनोद अश्रुमाली; तेह्रौँ अङ्कमा चन्द्रेश्वर दुबे, जगत छेत्री, मोहन ठकुरी, विपिनदेव ढुङ्गेल; चौधौँ अङ्कमा सरोजकुमार शाक्य, विश्वराज पाण्डे, देवेन्द्रकुमार मल्ल, रोहिणी दाहाल, महानन्द सापकोटा आदिका रचनाहरू छापेको छ ।

वास्तवमा *पारिजात*ले नेपाली साहित्यकै विशिष्ट व्यक्तित्वहरूको विविध रचनाहरू प्रकाशित गरेको देखिन्छ । यसरी छापिएका रचनाहरूमा कविता, कथा, लेख-निबन्ध, भाषिक चर्चा, समालोचना, अनुसन्धान आदि पनि छन् । विशेषतः बालकृष्ण सम, केदारमान व्यथित, अगमसिंह गिरी, हरिभक्त कटुवाल आदिका कविता, महानन्द सापकोटाका भाषिक चर्चा, पारसमणि प्रधानका लेखनिबन्ध, देवकुमारी थापा र केकेमनुक्च्यो पोखरेल (बालकृष्ण पोखरेल) का कथाहरूले *पारिजात*लाई उत्कृष्ट पत्रिका बनाउन मद्दत पुऱ्याएको छ ।

*पारिजात*को अर्को महत्त्वपूर्ण विशेषता नेपालभित्र र नेपालबाहिरका साहित्यकारहरूलाई उत्तिकै स्थान दिनु पनि हो । यसमा हरिभक्त कटुवाल, अगमसिंह गिरी, अच्छा राई रसिक, चन्द्रेश्वर दुबे, लोकेशचन्द्र प्रधान, ग्राबियल राना, गंगाप्रसाद कप्तान जस्ता नेपालबाहिर रहेर नेपाली भाषा र साहित्यका क्षेत्रमा समर्पित व्यक्तित्वहरूलाई पनि उत्तिकै सम्मानका साथ स्थान दिइएको छ । यसप्रकार *पारिजात*ले विविधतापूर्ण साहित्यिक सामग्रीका अतिरिक्त स्थापित र नयाँ पुस्ताका लेखकहरूको साझा मञ्चका रूपमा आफूलाई सफलतापूर्वक प्रस्तुत गरेको छ ।

### नयाा प्रतिभालाई प्रोत्साहनः *दर्पण*

जयप्रसाद दाहालको सम्पादनमा २०३१-२०३४ सालको बीचमा निस्केको *दर्पण*ले आफ्नो प्रकाशन अवधिभर विशेषतः युवा साहित्यकारहरूलाई साझा मञ्च प्रदान गरेको थियो । यो मासिक पत्रिका काठमाडौंमा दर्ता भए पनि वर्ष ७ अङ्क ७ (२०३१ फागुन) देखि वर्ष १० अङ्क २८ (२०३४ पुस) सम्म विराटनगरबाट प्रकाशन भएको देखिन्छ । तर आकारमा एकरूपता नहुनु, प्रायः संयुक्ताङ्कका रूपमा निस्कनु र कुनै-कुनै अङ्कमा त रचनाभन्दा बढी विज्ञापन




हुनु यसका कमजोरी थिए । अनियमित र संयुक्ताङ्कका कारण यस पत्रिकाका सबै अङ्क फेला नपरेसम्म कति अङ्क प्रकाशित भयो, भन्न सकिने स्थिति छैन ।

विराटनगरबाट निस्केको यस पत्रिकाको पहिलो अङ्क वर्ष ७ अङ्क ७ मा महानन्द सापकोटा, नारद ओझा, राजेन्द्र सुवेदी, विनोद अश्रुमाली र प्रमोद प्रधानका रचनाहरू छापिएका छन् । यसका पछिल्ला अङ्कहरूमा देवकुमारी थापा, गणेशबहादुर प्रसाई आदिका रचना छन् भने त्यसबेलाका युवा प्रतिभाहरूमा नेपालका कृष्णभूषण बल, अशेष मल्ल, प्रमोद प्रधान, किशोर पहाडी, विश्वविमोहन श्रेष्ठ आदिका र भारतका वीरबहादुर ठकुरी, भीम सन्तोष, अजीत निराशा आदिका रचनाहरू पनि यसमा प्रकाशित छन् । यसका सुरुका अङ्कहरू मोटा भए पनि पछि क्रमशः खिइँदै गएर अत्यन्त पातलो निस्केका छन् । यसले प्रकाशन गरेको “लघुकथा अङ्क” उल्लेखनीय रहेको छ ।

**अन्य मासिक पत्रिकाहरू**

यसबाहेक महानन्द सापकोटाको सम्पादनमा *हाम्रो नेपाल* (२०११), देवीप्रसाद काफ्ले र पृथ्वी मास्केको सम्पादनमा *छात्रछात्रा* (२०१६, तीन अङ्क), चन्द्रप्रसाद नेपालीको सम्पादनमा *नेपाली* (२०२६, एक अङ्क), योगेन्द्र तिमिल्सिनाको सम्पादनमा *सिर्जना* (२०३६, तीन अङ्क), महेश प्रसाईंको सम्पादनमा *विचार* (२०३६, दुई अङ्क) र चन्द्रकुमार गदालको सम्पादनमा *सौगात* (२०३६, चार अङ्क) जस्ता मासिक साहित्यिक पत्रिका निस्के । महानन्द सापकोटाको सम्पादनमा निस्केको *हाम्रो नेपाल* कति अङ्क निस्क्यो थाहा हुन सकेको छैन । *छात्रछात्रा* विशेषगरी बालबालिकाको सिर्जनात्मक प्रतिभाको विकास गर्ने उद्देश्यका साथ निस्केको देखिन्छ । त्यसताका सो पत्रिकाका दुबै सम्पादक पुस्तक व्यावसाय गर्थे । केही वर्षपश्चात् दुबैजना छुट्टिएपछि देवीप्रसाद काफ्ले काठमाडौंमा गएर पुस्तक व्यावसाय नै गरेको पाइन्छ भने स्व. पृथ्वी मास्के पुस्तक व्यावसाय गर्न छाडेर राजनीति र अन्य विविध व्यावसायमा संलग्न भए । योगेन्द्र तिमिल्सिनाले भने धरानबाट सरुवा भै विराटनगरस्थित नेपाल राष्ट्र बैंकमा आएपछि *सिर्जना* निकाल्न थालेका हुन् । उनी स्वयं साहित्यकार भएकाले साहित्यिक पत्रिकाको प्रकाशनतर्फ उनको रुचि देखिएको

हो । यद्यपि त्यसले निरन्तरता पाउन सकेन । पछि उनी सरुवा भै काठमाडौंतिर लागेपछि *सिर्जना* सधैका लागि बन्द हुनु स्वाभाविकै थियो ।

साहित्यकार महेश प्रसाईंले त्यसताका साहित्यिक पत्रिकाको प्रकाशनतिर रुचि लिएको देखिए पनि *विचार* दुई अङ्क मात्र निस्कनुले त्यो रुचि केवल रहर मात्र हुन पुगेको देखिन्छ । चन्द्रकुमार गदाल स्वयं साहित्यकार नभए पनि उनले *सौगात*को केही अङ्क निकाले, तर त्यसले दिगो रूप लिन सकेन । *सौगात*को तेस्रो अङ्कमा साहित्यकार शैलेन्द्र साकारसँग लिइएको अन्तर्वार्ता छापिएको छ, यस अन्तर्वार्तामा शैलेन्द्र साकारले आफ्ना साहित्यिक विचार र लेखनयात्राबारे स्पष्टताका साथ अधिकारिक रूपमा राखेकाले यो अत्यन्त महत्त्वपूर्ण छ । २०३९ पुसमा पहिलो अङ्क छापिएको सुदर्शन श्रेष्ठको सम्पादन एवं प्रकाशनमा निस्कने *साथी*ले भने मासिक रूपमा नभए पनि अहिलेसम्म आफ्नो यात्रा जारी राखेको छ, तर धेरै अघिदेखि नै यो पत्रिका काठमाडौंबाट प्रकाशित हुन थालेको देखिन्छ । यस पत्रिकाले पुस २०५४ मा निकालेको वर्ष-१३ को अङ्क-७ मा कवि अगमसिंह गिरीसम्बन्धी विशेष सामग्री समावेश गरिएका छन् । डा. माधबप्रसाद पोखरेल, डा. ऋषिराज बराल र युवराज काफ्लेका समालोचना, सिक्किमका मुख्यमन्त्री पवन चामलिङ्ग किरणको अन्तर्वार्ता, बडीनारायण प्रधानका व्यक्तित्व यसका सामग्री हुन् । विशेषगरी प्रगतिशील साहित्यको क्षेत्रमा *साथी*को योगदान रहेको छ । "विविध विषययुक्त स्तरीय मासिक" भन्ने उद्घोषका साथ पी.पी. सिटौलाको प्रधान सम्पादकत्व एवं के.पी. सिटौलाको प्रकाशकत्वमा २०४३ कात्तिकमा पहिलो अङ्क निस्केको *अनुशीलन*को सम्पादन कार्य भने वरिष्ठ पत्रकार स्व. नारदप्रसाद ओझाले गरेका थिए । यो पत्रिका शुद्ध साहित्यिक नभएर केही साहित्यिक सामग्रीका साथ अन्य विविध विषय समेटेर प्रकाशित हुने गर्थ्यो ।

## द्वैमासिक पत्रिकाहरू

मोरङबाट प्रकाशित द्वैमासिक पत्रिकाको सङ्ख्या केवल १२ रहेको छ । त्यसमध्ये *पूर्वको रातो झण्डा* वामपन्थी राजनीतिक पत्रिका र *अन्वेषण* इतिहास-संस्कृतिसम्बन्धी अनुसन्धानमूलक पत्रिका हो । त्यसबाहेक अरू साहित्यिक हुन् । *सोलोइ* उर्लाबारीबाट प्रकाशित धिमाल भाषाकै पहिलो पत्रिका हो । केही महत्त्वपूर्ण द्वैमासिक पत्रिकाको तल चर्चा गरिएको छ ।

### सफल द्वैमासिक पत्रिका: *हिमाली सौगात*

मोरङको साहित्यिक पत्रकारितामा आफ्नो विशिष्ट एवं बेग्लै पहिचान बनाउन सफल द्वैमासिक साहित्यिक पत्रिका *हिमाली सौगात*को करिब ३३ अङ्क प्रकाशित भएको अनुमान छ । पहिलो अङ्क हिमाली पुस्तकालय, सुनसरीको प्रकाशनमा २०२८ पुसमा निस्केको यो पत्रिका दोस्रो अङ्कदेखि हिमाली

सौगात प्रकाशन, विराटनगरबाट प्रकाशन हुन थालेको हो । सामयिक सङ्कलनका रूपमा आठ अङ्क र द्वैमासिकका रूपमा दर्ता भएपछि करिब २५ अङ्क निस्केको *हिमाली सौगात*का सम्पादक पूर्णप्रकाश नेपाल 'यात्री' हुन् । यसका सम्पादक स्वयं अनुसन्धाता भएका हुनाले कविता, कथा र निबन्धहरू फाटफूट रूपमा छापे पनि समीक्षा, साहित्य-संस्कृति-नृत्तत्व आदि विषयक अनुसन्धानमूलक रचनाहरू विशेष प्राथमिकतासाथ छापेको पाइन्छ । *हिमाली सौगात*को एउटा महत्त्वपूर्ण विशेषता पूर्वको पत्रिका भएर पनि पश्चिमका साहित्यकारका रचनालाई उचित स्थान दिनु हो । यस पत्रिकाले वर्ष १ अङ्क २ को प्रकाशकीयमा आफूलाई "खोजपूर्ण पत्रिका" भनेको छ ।

यस पत्रिकामा महानन्द सापकोटा, कमल दीक्षित, डिल्लीराम तिमसिना, भानुभक्त पोखरेल, नरेन्द्र चापागाईं, माधवराज आचार्य, केदार सत्याल, शरच्चन्द्र वस्ती, चन्द्र बुढाथोकी आदिका रचनाहरू छापिएका छन् । सम्पादक पूर्णप्रकाश नेपाल 'यात्री' २०५० तिर बसाइं सरी काठमाडौंतर्फ लागेपछि यो पत्रिका विराटनगरबाट प्रकाशित हुन छाडेको देखिन्छ ।

### ***संसार* : थोरै अङ्क, महत्त्वपूर्ण योगदान**

*संसार* अर्को महत्त्वपूर्ण द्वैमासिक पत्रिका हो । श्यामकृष्ण उपाध्याय सम्पादक र आलोक प्रकाशन विराटनगर प्रकाशक रही प्रकाशनारम्भ गरिएको *संसार*को पहिलो अङ्क २०३६ फागुन-चैतमा छापिएको थियो । विविधतापूर्ण रचना, साजसज्जामा विशेष जोड र भाषिक-व्याकरणिक शुद्धाशुद्धि यसका विशेषता थिए । तर संयुक्ताङ्क गरी पाँच अङ्क निस्केपछि सम्पादक र छापाखाना मालिकबीच विवाद सिर्जना भएकोले सम्पादक श्यामकृष्ण उपाध्याय *संसार*लाई लिएर आफ्नो कर्मभूमि झापातिरै लागे र छैठौं अङ्क *नवसंसार*का नाममा दधिराज सुवेदीको सम्पादन एवं गणेश भट्टराईको प्रकाशनमा निस्क्यो । त्यसपछि *नवसंसार* नेपाली साहित्य-संसारमा देखिएन । "सार सङ्कलन" भनिए पनि यो पत्रिका पूर्णतः साहित्यिक थियो । यस पत्रिकाले थोरै अङ्कका माध्यमबाट पनि साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

### **धिमाल भाषाको पहिलो पत्रिकाः *सोलोई***

मोरङबाट मात्र नभै नेपाल अधिराज्यबाटै प्रकाशित धिमाल भाषाको पहिलो पत्रिका *सोलोई*को पहिलो अङ्क २०५७ कात्तिकमा प्रकाशित भएको हो । यसको सबैभन्दा पछिल्लो अङ्क वर्ष २ अङ्क ४, ५ र ६ संयुक्ताङ्कको रूपमा २०५९ सालमा मात्र प्रकाशित भएको पाइन्छ । यो अवधिबीच *सोलोई* पहिलो वर्ष ५ अङ्क र दोस्रो वर्ष २ अङ्क गरी जम्मा ७ अङ्क निस्केको छ । धिमाल भाषा तथा साहित्य उत्थान केन्द्र (नेपाल) प्रकाशक रही मोरङ जिल्लाको उर्लाबारी गाविसबाट निस्केको यो पत्रिका दर्ता भएको देखिँदैन । तर

वर्ष १ अङ्क ५/६ संयुक्ताङ्कदेखि यसको प्रकाशकमा सोलोई परिवार भनी छापिने गरेको छ । यो पत्रिकाले आफूलाई द्वैमासिक र द्वैभाषिक घोषणा गरे पनि तदनुरूप निस्कन सकेको छैन । समाचारपत्र हो वा साहित्यिक हो केही पनि उल्लेख नभएको यसको प्राप्त अङ्कको आकार पनि समाचारपत्रभन्दा सानो र साहित्यिक पत्रिकाभन्दा ठूलो रहेको छ । धिमाल भाषाका साथै नेपाली भाषामा समेत निस्कने गरेको यसका अङ्कहरूमा समाचार, लेख, कविता, चुटकिला, अन्तर्वार्ता, पत्रमित्रता आदि सामग्री रहेका छन् । यसको पहिलोदेखि वर्ष २, अङ्क १, २ र ३ संयुक्ताङ्कसम्मका सम्पादकीयहरू सबै नेपाली भाषामा लेखिएको छ । तर वर्ष २, अङ्क ४, ५ र ६ मा भने धिमाल भाषामा सम्पादकीय लेखिएको छ ।

*सोलोई*को प्रधान सम्पादकमा रामप्रसाद दुधिया धिमाल, सम्पादकमा काशीनी दिङ् धिमाल र सहसम्पादकमा कृष्ण दोङ्गे धिमालको नाम रहेको छ भने अरू धेरैको नाम सहयोगीका रूपमा छापिएको छ । सम्पादक रामप्रसाद दुधिया धिमालका अनुसार धिमाल भाषाको लिपि अझै खोजी र अनुसन्धानकै विषय भएकोले *सोलोई* देवनागरी लिपिमा प्रकाशित गरिएको हो । धिमाल महिलाहरूले लगाउने पेटानी (एकप्रकारको पोशाक) बुन्ने धागो रङ्गाउन प्रयोग गरिने एकप्रकारको विरुवालाई सोलोई भनिन्छ । यसको प्रयोग धिमालहरूले मात्र गर्ने भएकाले पत्रिकाको नाम *सोलोई* राखिएको पनि सम्पादक धिमालले जानकारी दिए ।


सोलोई

प्रधान सम्पादक
राम प्रसाद दुधिया धिमाल
सम्पादक
काशिनी दिङ धिमाल
सह–सम्पादक
कृष्ण दोङे धिमाल
विशेष सहयोगी सम्पादक
पात्र धिमाल
व्यवस्थापक
डम्मर राजदोङे धिमाल
सहयोगी
अमर ब.राजवारु धिमाल
अमर लातेर धिमाल
कृष्ण बंगालाइती धिमाल
हरि राजदिङ धिमाल
सन्जीव दोङे धिमाल
सल्लाहाकार
नगेन्द्र मटेरी धिमाल
रमेश धिमाल
बुद्धिलाल धिमाल
प्रकाशक
धिमाल भाषा तथा साहित्य उत्थान केन्द्र (नेपाल)
पत्राचार ठेगाना
धिमाल जाति विकास केन्द्र, (नेपाल)
क्षेत्रिय कार्यालय उर्लाबारी–१, मोरङ
कम्प्युटर टाइपिङ तथा लेटिङ : गणेश दुलाल
प्रिन्टिङ : सनराइज प्रिन्टर्स, उर्लाबारी

सम्पादकीय
सोलोईको प्रकाशन शुरु

यस विश्व जगतमा विविध जातजातिहरुको उत्प...
पनि आजको एक्काइसौं शताब्दीमा आइ पुग्दा धेरै ज...
विलिन भएर गए र अझ कतिपय जातिहरु लोप भए...
स्थितिमा छन्,त्यसैरी नै नेपालको परिप्रेक्ष्यमा ६१...
जातजातिहरुमध्येमा तराइन आदिवासी धिमाल जातिहरु...
कुनै पनि बेला लोप भएर जादैन भन्न सकिने अवस्था...
किनभने धिमालहरुको जातिय अस्तित्व नै संकटकालिन ...
आइ पुगेकोछ । प्रथमतः भाषा बचाउनु पर्यो । भाषा...
साहित्य हराउछ, साहित्य हराए संस्कृति हराउछ, संस्कृति...
संस्कार हराउछ, संस्कार हराए धर्म हराउछ, धर्म हराए जा...
जाउछ र जाति हराए हामी आफै हराउछौं । तसर्थ,...
बचाउनु आधुनिक सुचनाले धिमालहरुलाई सुसुचित...
धिमाल जाति भित्रका सिर्जनशिल युवा व्यक्तित्वहरुलाई...
रुपमा चिनाउन यो 'सोलोई' पत्रिकाको प्रकाशन शुरु...
छ । तपाइहरुको माया ,सुझाव र सहयोग पाएमा...
आफ्नो निर्धारित लक्ष्यमा अवश्य पुग्नेछ ।

यसभित्र ...................
- राष्ट्रिय पर्व 'बोमिको दिन'
- गलत छन् नेपालका इतिहासकारहरु
- के धिमालहरु किरात हुन् ?
- महान वैज्ञानिक मेडम क्यूरीको धारा – वाहिक जीवन कहानी
- धिमाल भाषाका कविताहरु

शुभकामना
हाम्रा पाठकहरुलाई बोमीको दिन (तिहार)को शुभकामना व्यक्त गर्दछौं
–सोलोई परिवार

मोरङ र झापा जिल्लामा रहेको यो जातिको जनसङ्ख्या मोरङमा मात्र २०५८ को राष्ट्रिय जनगणनाअनुसार ९,९५८ रहेको छ । पूर्वाञ्चलको एक प्रमुख जनजाति र सांस्कृतिक दृष्टिले सम्पन्न धिमाल जाति अहिले धेरै दृष्टिले पिछडिएका अवस्थामा छन् । यस्तो अवस्थामा आफ्नो भाषामा पत्रिका निकाल्ने प्रयास गर्नु अत्यन्त महत्त्वपूर्ण कुरा हो । यो प्रयासलाई सबैले सहयोग पुऱ्याएर धिमाल भाषाको विकास र धिमाल प्रतिभाहरूलाई अगाडि बढ्ने अवसर जुटाइ दिनु पर्छ ।

## अन्य द्वैमासिक पत्रिकाहरू

मोरङबाट प्रकाशित अन्य द्वैमासिक पत्रिकाहरू *छहारी* (२०१५, संयुक्ताङ्क गरी तीन अङ्क), *प्रारम्भ* (२०३६, दुई अङ्क), *ठेट्ना* (२०३६, एक अङ्क) र *ऋचा*

(२०३६, दुई अङ्क) हुन् । *छहारी* पत्रिकाका एक सम्पादक चूडामणि रेग्मीका अनुसार आफ्नो प्रकाशनकालमा निकै राम्रो मानिएको सो पत्रिका त्यसबेला चलेको झर्रोवादी आन्दोलनकै गतिविधिको क्रममा निस्केको थियो । उक्त पत्रिकामा बालकृष्ण पोखरेल, तारानाथ शर्मा, श्यामप्रसाद शर्मा, विपिनदेव ढुङ्गेल आदिका रचनाहरू छापिएको कुराको जानकारी उनले दिए । *प्रारम्भ*का दुई अङ्कमा मेदिनीप्रसाद शर्मा, नरेन्द्र चापागाईं, प्रमोद प्रधान आदिका रचनाहरू प्रकाशित छ । तर यो पत्रिका त्यसपछि समाचारपत्रका रूपमा प्रकाशित भएको देखिन्छ । *ऋचा*का दुई अङ्क पनि राम्रो निस्किएको छ । यसको पहिलो अङ्कमा समाजवादी चिन्तक सी.के. प्रसाईंको राजनीतिक लेखका अतिरिक्त साहित्यिक सामग्रीहरू छन् । दोस्रो अङ्कमा अन्य साहित्यिक एवं राजनीतिक लेखहरूका अतिरिक्त अनिल बर्बेद्वारा लिखित बहुचर्चित उपन्यास *थैंक यू मिस्टर ग्लाड*को बलराम पोखरेलबाट गरिएको अनुवाद छापिएको छ । काठमाडौंमा दर्ता भएर पनि २०४५/४६ को अवधिमा विवश पोखरेलको सक्रियतामा *नागबेली* द्वैमासिकका चार अङ्क विराटनगरबाट प्रकाशित भएका थिए । यसमा लक्ष्मण शास्त्री, कृष्णभूषण बल, सुशीला भण्डारी, मनु ब्राजाकी, कुन्ता शर्मा, प्रमोद प्रधान, दिनेश अधिकारी, लव गाउँले, केशव आचार्य, दुवसु क्षेत्री, ओम आचार्य, अमृतलाल श्रेष्ठ, शिवशंकर थापा, बद्री भिखारी, राजेश्वर रेग्मी आदिका रचनाहरू प्रकाशित छन् ।

## त्रैमासिक पत्रिकाहरू

मोरङबाट प्रकाशित २४ वटा त्रैमासिक पत्रिकामध्ये साहित्यिक पत्रिकाको सङ्ख्या १८ मात्र छ । साहित्यिकबाहेक त्रैमासिक रूपमा मोरङबाट निस्केका अन्य पत्रिकाहरूमा *एजुकेशनल रिभ्यू* र *शैक्षिक मञ्च* शिक्षासम्बन्धी, *मोरङ व्यापार पत्रिका* व्यापारसम्बन्धी, *वेदज्योति* आध्यात्मिक वैदिक सिद्धान्तसम्बन्धी, *गो-सेवा* गोरक्षा र गो-सेवासम्बन्धी र *नवप्रतिभा* ग्रामीण विकाससम्बन्धी पत्रिका हुन् । महत्त्वपूर्ण साहित्यिक त्रैमासिक पत्रिकाबारे तल सङ्क्षेपमा चर्चा गरिएको छ ।

### रंगेलीको रहरः *गुराँस*

२०२५ जेठ महिनामा फुलेको *गुराँस*को पहिलो थुंगामा बी. मिश्र, डी. मण्डल र केदारनाथ शर्मा तीन जना सम्पादक देखिन्छन् । यो पत्रिकाको प्रकाशक पब्लिक हाई ईङ्गलिस स्कूल रंगेली भए पनि यसलाई सम्पादकहरूले साहित्यिक महत्त्वको पत्रिका बनाउन कोशिश गरेको देखिन्छ । यस पत्रिकाका अरू अङ्क सामान्य रूपमा विभिन्न साहित्यिक रचनाहरूसहित निस्केको भए पनि २०२६ साउन-असोजमा निस्केको (वर्ष १ अङ्क ३-४) अङ्क कथा विशेषाङ्कका रूपमा प्रकाशित छ । यसमा केकेमनुक्च्यो पोखरेल, दुर्गाबहादुर वर्मा, प्रफुल्लकुमार

मौन, लक्ष्मण शास्त्री, विश्वराज पाण्डे, शंकर चौलागाईं, भीम उदास, कृष्ण पाखीन, तेजप्रसाद सिटौला र भीखमचन्द सरल आदिका कथाहरू छापिएका छन् । त्यसबेला सदरमुकामभन्दा टाढाबाट पत्रिका निकाल्नु नै कठिन भएको स्थितिमा विशेषाङ्क निकाल्नु वास्तवमै महत्त्वपूर्ण देखिन्छ । यो पत्रिका ६ पूर्णाङ्कसम्म निस्केर बन्द भएको अनुमान छ ।

### *मधुविन्दु* : नयालाई प्रोत्साहन

त्रैमासिक साहित्यिक पत्रिकाका रूपमा निस्केका मोरङका करिब एक दर्जन पत्रिकामध्ये सबैभन्दा बढी अङ्क प्रकाशित *मधुविन्दु* करिब १९ अङ्क निस्केको अनुमान छ । जयप्रसाद दाहाल सम्पादक रहेको यो पत्रिका २०२९ देखि २०३७/३८ सालसम्म निस्केको थियो । दर्ता हुनुअघि तीन अङ्क र त्यसपछि दर्ता भै प्रकाशित *मधुविन्दु*ले थुप्रै नयाँ प्रतिभाहरूलाई अगाडि ल्याउन मद्दत पुऱ्याएको पाइन्छ । यस पत्रिकामा महानन्द सापकोटा, देवकुमारी थापाजस्ता प्रतिष्ठित साहित्यकारका साथसाथै त्यसताकाका नयाँ लेखकहरू तोया गुरुङ, पान्थरे याक्थुम्बा विक्रम, शिव खरेल आदिका रचनाहरू प्रशस्त छापिएका छन् । प्रगतिशील कवि विक्रम सुब्बा नै पहिले पान्थरे याक्थुम्बा विक्रमका नामले कविता लेख्थे र त्यसताका उनका कविताहरू आयामेली कविताबाट प्रभावित थिए । यस पत्रिकाको पूर्णाङ्क ८ (वैशाख २०३२) नेपाली साहित्य सम्मेलन स्वर्ण जयन्ती अङ्कका रूपमा प्रकाशित छ । यसको वर्ष ९ अङ्क १८ मा आवरणसहित कूल ६६ पृष्ठमध्ये ३६ पाना विज्ञापनमात्रै छापिएको देखिन्छ । यस पत्रिकाले पछिल्ला अङ्कहरूमा भाषिक शुद्धतातिर भने त्यति ध्यान दिएको पाइन्न ।

### *हिडपा* : लामो समय तर थोरै अङ्क

त्रैमासिक साहित्यिक पत्रिकाको रूपमा दर्ता भएर २०३९ सालको कात्तिकमा पहिलो अङ्क प्रकाशित *हिडपा*को उमेर अहिले करिब २० वर्ष भए पनि यसका २५ जति अङ्कहरू मात्र प्रकाशित छन् । श्यामकुमार अधिकारी सम्पादक रहेको यस पत्रिकामा राष्ट्रिय स्तरका प्रतिष्ठित लेखकसाथै स्थानीय नवोदित दुबैथरी लेखकहरूका रचना पाइन्छन् । मातृकाप्रसाद कोइराला, डा. तारानाथ शर्मा, डा. लक्ष्मण शास्त्री, डा. गणेश भण्डारी, भानुभक्त पोखरेल, नरेन्द्र चापागाईं, मेदिनीप्रसाद शर्मा, विश्वनाथ भट्टराई, राजकुमार पोखरेल, हरिप्रसाद तिम्सिना, भरतराज मन्थलीय, राधेश्याम भट्टराई, कुलचन्द्र कोइराला, विश्वराज पाण्डे, दधिराज सुवेदी, एस.एल. शर्मा, माधवराज आचार्य, लक्ष्मण नेवटिया, प्रमोद प्रधान, इन्दिरा प्रसाईं, नारायण तिवारी, चक्रपाणी खनाल, अनिल पौडेल, डा. सुशीला भण्डारी, खेममणि काफ्ले, सुभद्राकिरण, सुषमा चित्रकार, करुणाकर थापा, टेकबहादुर नवीन, विष्णु नवीन, ऋषिराम न्यौपाने आदिका रचनाहरू यसमा छापिएका छन् ।

स्नातकोत्तर क्याम्पस, विराटनगरमा 'नेपाली साहित्यमा *हिङपा* पत्रिकाको योगदान' शीर्षकमा शोधपत्र तयार गर्ने डेगराज पौडयालको टिप्पणी यस्तो छः

> ...यस पत्रिकामा स्थापित रचनाकारका रचनाभन्दा नवोदित रचनाकारका रचना नै बढी मात्रामा रहेका छन् । ...पत्रिकाको प्रायश हरेक अङ्कहरू आकारमा साना र आर्थिक सहयोगको आशा नगरी नहुने भएकोले विज्ञापन बढी हुन पुग्दा सामग्रीको सन्तुलन पनि हुन नसकेको पाइन्छ । ...छपाईंमा अशुद्धता पनि सम्पादकको व्यस्तताले पूर्ण रूपमा ध्यान पुऱ्याउन नसक्ता केही हुन आएको देखिन्छ । ...*हिङपा*ले आफ्नो स्थानमा रहेर जुन रूपमा साहित्यको सेवा गरिरहेको छ त्यो अनुकरणीय भएर रहेको छ । ...मन्द-मन्द गतिमा भएपनि *हिङपा* पत्रिकाले नेपाली साहित्यमा विधागत योगदान पुऱ्याउँदै आएको तथ्य सिद्ध हुन्छ (पौडयाल २०५०: ४०-४१) ।

### अन्य त्रैमासिक पत्रिका

अन्य त्रैमासिक साहित्यिक पत्रिकाहरूमध्ये २०१७ भाद्रमा पहिलो अङ्क निस्केको *सोझो बाटो* दुई अङ्कपछि नै सुस्ताएकोमा करिब ४३ वर्षपछि फेरि २०६० वैशाखको साइत पारेर तेस्रो अङ्क निस्केको छ । वि.सं. २०३६-२०३८ बीच तीन अङ्क प्रकाशित *कदर* चौथो अङ्क निस्कन नपाउँदै हराउन पुग्यो । ती तीन अङ्क भने स्तरीय छन् । कथाप्रधान पत्रिका *थुम्को* (२०२७) र *कथाक्रम* (२०४३) दुबै एक-एक अङ्कमात्रै निस्किए । *कथाक्रम*मा सङ्कलित कथाभन्दा *थुम्को*मा सङ्कलित कथा स्तरीय छन् । पहिले सामयिक सङ्कलन र दर्ता भएपछि त्रैमासिक रूपमा वि.सं. २०२८ देखि २०३२ सालबीचमा निस्केको *फेवा* त्यसपछि समाचारपत्र हुन पुग्यो । *फेवा*ले साहित्यिक क्षेत्रमा दिएको योगदानलाई राम्रै मान्नु पर्छ । *काफल* त्रैमासिकले २०३०/३२ सालबीच साहित्यिक सक्रियता देखाएको थियो भने *कौशिक* (२०४०) एक अङ्क निस्केर सदाका लागि अस्तायो । सम्पादकको सरुवा सँगसँगै हेटौंडाबाट सरुवा भै आएको *अठोट* २०४३/४५ को बीचमा केही अङ्क विराटनगरबाट निस्की सम्पादकको सरुवासँगै पुनः हरायो । साहित्यिक-पारिवारिक त्रैमासिक भनिएको *वनिता*को पहिलो अङ्क २०५६ पुस-फागुनमा छापिएको थियो र अहिलेसम्म यसका बाह्र अङ्क प्रकाशित भइसकेका छन् । आवरणमा विशिष्ट एवं प्रतिभासम्पन्न महिलाको तस्वीर मात्रै छाप्ने गरेको *वनिता*को देवकुमारी थापा विशेषाङ्क र समाजसेवी शान्ता पोखरेल विशेषाङ्क अत्यन्त महत्त्वपूर्ण छन् ।

## अर्धवार्षिक पत्रिका

अर्धवार्षिक रूपमा पत्रिका अत्यन्त कम निस्कने गर्छन् । मोरङ पनि यसमा अपवाद छैन । मोरङबाट हालसम्म प्रकाशित पाँचवटा अर्धवार्षिक पत्रिकामध्ये *विज्ञान दर्पण* विज्ञानसम्बन्धी र *नेपलिज डेभलपमेण्ट स्टडिज* विविध

विषयसम्बन्धी पत्रिका हुन् । त्यस्तै *आदर्श युग*को एक अङ्क पनि उपलब्ध हुन नसकेकाले यसबारे केही भन्न सकिन्न । एक अङ्कमात्र निस्केको *जनआवाज* प्रगतिशील लेखक-कलाकार सङ्घ, केरावारीको मुखपत्र मात्र हो ।

**एकमात्र अर्धवार्षिक साहित्यिक पत्रिकाः *धरणी***

मोरङबाट निस्केको अर्धवार्षिक साहित्यिक पत्रिकामा *धरणी* एकमात्र हो । हुन त कतिपय पत्रिका कहिले मासिक, कहिले त्रैमासिक र कहिले अर्धवार्षिक भएर ननिस्केका होइनन्, तर पहिलो अङ्कमा अर्धवार्षिक घोषणा गरेर निस्किएको यो नै प्रथम हो । कृष्णराज कोइराला प्रधान सम्पादक र कवि धरणीधर कोइराला पुरस्कार प्रतिष्ठान, विराटनगर प्रकाशक रहेर निस्किएको यसको पहिलो अङ्कमा कवि धरणीधरसम्बन्धी रचना नै बढी छापिएका छन् । पहिलो अङ्कमा लक्ष्मण शास्त्री, अच्युतरमण अधिकारी, तुलसी भट्टराई, दधिराज सुवेदी आदिका रचना छन् भने दोस्रोमा नरेन्द्र चापागाईं, कुमारप्रसाद कोइराला, डा. शम्भु कोइराला र रामनाथ शर्माका, तेस्रो अङ्कमा हरिप्रसाद तिमसिना, कुमारप्रसाद कोइराला र डा. शम्भु कोइरालाका र चौथो अङ्कमा दैवज्ञराज न्यौपानेका समालोचनाहरू छापिएका छन् । यसको पहिलो अङ्क २०४५ माघमा छापिएको थियो भने दोस्रो, तेस्रो र चौथो अङ्क क्रमशः २०५४, २०५५ र २०५६ सालमा छापिएका छन् । यसरी अर्धवार्षिक भनिए पनि यो पत्रिका १४ वर्षको अवधिमा चार अङ्क मात्र निस्केको देखिन्छ ।

## वार्षिक पत्रिकाहरू

मोरङबाट निस्केका वार्षिक पत्रिकाको सङ्ख्या हालसम्म प्राप्त सूचीअनुसार २३ रहेका छन् । वार्षिक पत्रिका प्रायः विभिन्न सङ्घसंस्था, क्याम्पस-कलेज र विद्यालयहरूबाट मुखपत्रका रूपमा मात्र छापिने गरेका छन् । यस्ता पत्रिकामा *प्रकाश, पिपिरो* र *अरनिको-वाणी* उल्लेखनीय छन् । *प्रकाश* महेन्द्र मोरङ कलेजको मुखपत्रका रूपमा सबैभन्दा पहिले २०२१ सालमा छापिएको देखिन्छ र त्यसपछि विद्यार्थी युनियन सक्रिय भएको बेला निस्कने गरेको देखिन्छ । *पिपिरो* त्रिभुवन आदर्श क्लब, तीनटोलिया, विराटनगरको मुखपत्रका रूपमा तीनपटक निस्केर सदाका लागि बन्द भयो । यसका तीनओटै अङ्कमा सम्पादकीय र प्रकाशकीय छैनन् । *अरनिको-वाणी* अरनिको बोर्डिङ्ग स्कूलको मुखपत्रका रूपमा अहिले प्रत्येक वर्ष निस्कन थालेको छ । यसमा सोही विद्यालयमा अध्ययनरत् विद्यार्थी र कार्यरत शिक्षक-शिक्षिकाका रचनाहरू समावेश गर्ने गरिएको छ ।

## सामयिक सङ्कलनहरू

सम्बन्धित सरकारी कार्यालयमा दर्ता नभएका र निश्चित समयावधिमा ननिस्किने पत्रिकाहरू नै समसामयिक पत्रिका हुन् । यस्ता पत्रिका सम्पादक-

प्रकाशकहरूले आफ्नो इच्छा, फुर्सद र आर्थिक लगानी गर्न सक्ने स्थितिका बेलामा मात्र निकाल्ने गर्छन् । विशेषगरी २०२७/२८ सालदेखि २०३१/३२ सम्मको बेलामा समसामयिक पत्रिकाहरू प्रशस्त निस्केका छन् । मोरङबाट निस्केका समसामयिक पत्रिकाहरूको सङ्ख्या सूचीअनुसार ७३ भएकोमा २०२७ देखि २०३२ को अवधिमा मात्र करिब ३० वटा निस्केको पाइन्छ । अझ त्यसमध्ये पनि २०२८ र २०२९ सालमा सामयिक सङ्कलनको प्रकाशन अत्यधिक भएको छ । पछि सरकारले सम्बन्धित कार्यालयमा दर्ता नगरी पत्रिका निकाल्न नपाइने कानून बनाएपछि समसामयिक रूपमा पत्रिका निकाल्ने कार्य बन्द हुन पुग्यो । त्यस्तै २०३६ सालको जनमत सङ्ग्रहको घोषणापछि २०३७ सालमा पनि सामयिक सङ्कलन निकाल्नेतर्फ युवाहरूको सक्रियता बढेको देखिन्छ । जनमत सङ्ग्रहको घोषणापश्चात् स्वतन्त्र वातावरणका कारण सामयिक सङ्कलन निकाल्ने क्रममा पुनः वृद्धि भएको थियो । यी समसामयिक पत्रिकामध्ये धेरैजसो साहित्यिक छन् भने केही विज्ञानसम्बन्धी, केही राजनीतिसम्बन्धी र केही सामाजिक-आर्थिक विषयसम्बन्धी छन् । नेपाली भाषाको पहिलो फोल्डर पत्रिका भन्ने दावीका साथ *हिमाली*को पहिलो र अन्तिम अङ्क लघुकथा विशेषाङ्कका रूपमा २०४७ वैशाख-असारमा प्रकाशित भएको देखिन्छ । यसमा दुर्लभलाल सिंह, किशोर पहाडी, गोविन्द गिरी प्रेरणा, विवश पोखरेल र सम्पादक जीतेन्द्र जीत स्वयंका लघुकथाहरू छन् । मोरङबाट निस्केका महत्त्वपूर्ण समसामयिक पत्रिकाको यहाँ चर्चा गरिएको छ ।

## ***काफल*** **: धेरै अङ्क निस्केको पहिलो सामयिक सङ्कलन**

मोरङको साहित्यिक पत्रिकाको इतिहासमा *काफल* पनि बिर्सिन नहुने नाम हो । त्यसताका विराटनगरको साहित्यिक क्षेत्रमा सक्रिय युवा शंकर चौलागाईं र वासुदेव सुवेदीको संयुक्त सम्पादन र राष्ट्रिय जागृति क्लब, विराटनगरको प्रकाशनमा २०२७ जेठमा यसको पहिलो अङ्क निस्केको थियो । तर यसको प्रकाशक भने पटक-पटक परिवर्तन भएको देखिन्छ । पछि काफल परिवार हुँदै यो पत्रिका सम्पादक शंकर चौलागाईंकै प्रकाशनमा निस्केको देखिन्छ । यस पत्रिकामा महानन्द सापकोटा, बालकृष्ण पोखरेल, देवकुमारी थापा, नरेन्द्र चापागाईं, शंकर चौलागाईं, माधवप्रसाद पोखरेल, योगेन्द्र तिमिल्सिना, विष्णु नवीन, रविलाल अधिकारी, प्रशान्त धमला 'दोषी' आदिका रचनाहरू छापिएका छन् । यो पत्रिकाको वर्ष ६ अङ्क १७, २०३२ सालको मङ्सिर-माघमा निस्केको पाइन्छ । त्यसपछि भने निस्क्यो-निस्केन, थाहा हुन सकेन । यसको २०२७ कात्तिकको अङ्क गोजिका आकारमा प्रकाशित भएको थियो । यसका अघिल्लाभन्दा पछिल्ला अङ्कहरू पातला छन् ।

**मोरङको पहिलो मैथिलीभाषी पत्रिकाः *मैथिली***

*मैथिली* सामयिक साहित्य सङ्कलन मैथिली भाषामा प्रकाशित मोरङको पहिलो पत्रिका हो । यसको पहिलो अङ्कको सम्पादन लक्ष्मण शास्त्री, प्रफुल्लकुमार मौन र गणेशलाल कर्णले संयुक्त रूपमा गरेका छन् । मैथिली साहित्य परिषद् नामक साहित्यिक संस्थाको स्थापनापछि सोही संस्थाको प्रकाशनमा निस्केको *मैथिली*ले मैथिली साहित्यको विकास र विस्तारमा अविस्मरणीय योगदान पुऱ्याएको पाइन्छ । २०२७ मङ्सिरमा पहिलो अङ्क प्रकाशित भएको यो पत्रिकाको आठ अङ्क प्रकाशित भएको फेला परे पनि करिब १२ अङ्क प्रकाशित भएको अनुमान छ । तर सबै अङ्कहरू उपलब्ध नभएसम्म यसबारे किटान गरेर यसै हो भन्नसक्ने स्थिति छैन । २०२९ पुसमा आठौँ अङ्क निस्केपछि लामो समयसम्म प्रकाशन स्थगित रह्यो । २०४६ सालको जनआन्दोलनपछि पुनर्प्रकाशन भएको यस पत्रिकाको पछिल्ला अङ्कहरू स्तरीय देखिँदैनन् । पछिल्ला अङ्कका सम्पादन भने बद्रीनारायण कंठ, बद्रीनारायण वर्मा र डा. गणेशलाल कर्णले गरेका छन् । अहिले सो पत्रिकाको नाम परिवर्तन गरी *मैथिली जागरण* राखिएको छ र यसका सम्पादकहरूमा डा. गणेशलाल कर्ण, ताराप्रसाद यादव र राजकुमार लाल रहेका छन् ।

मैथिली भाषाको विकासका साथै मिथिला संस्कृतिका विविध पक्षमा लेखिएका महत्त्वपूर्ण रचनाहरू प्रकाशन गर्नाले यो पत्रिका उल्लेखनीय बन्न पुगेको छ । *मैथिली*का अङ्कहरूमा सेनकालीन मैथिली अभिलेख, नेपालको शिलोत्कर्ण मैथिली गीत, नेपालको मैथिली साहित्यको इतिहास, नेपालमा मैथिलीको विकास, नेपालमा मैथिली साहित्यको अनुसन्धान, नेपालमा आधुनिक मैथिली नवलेखन, मोरङको मैथिली लोकसाहित्य तथा सुनसरीको मैथिली लोककाव्य जस्ता अत्यन्त महत्त्वपूर्ण अनुसन्धानात्मक रचनाहरू प्रकाशित छन् । यसमा लक्ष्मण शास्त्रीद्वारा लिखित मैथिली भाषाको मिनी महाकाव्य *धर्मराज युधिष्ठिर* (२०२९) पनि प्रकाशित छ ।

**महत्त्वपूर्ण र उल्लेखनीय पत्रिकाः *बरगाछी***

सामयिक सङ्कलनका रूपमा साहित्यिक सामग्रीसहित निस्कने पत्रिकाको सङ्ख्या भने मोरङमा अहिलेसम्म पाँच दर्जन नाघेको छ । यीमध्ये सबैभन्दा महत्त्वपूर्ण र उल्लेखनीय पत्रिका गुराँस पुस्तकालय, बरगाछीको प्रकाशनमा निस्कने *बरगाछी* हो । २०२८ असोजमा पहिलो अङ्क निस्केर आफ्नो यात्रा थालनी गर्ने *बरगाछी*को अहिलेसम्म ११ अङ्क प्रकाशित छन् । बीचमा दुई अङ्कबाहेक सबैको सम्पादन दधिराज सुवेदीले गरेका छन् । यस पत्रिकाको प्रतिभा र व्यक्तित्व परिचय अङ्क (पूर्णाङ्क ७, २०३८), वी.पी. कोइराला स्मृति अङ्क (पूर्णाङ्क ८, २०४०) र ऐतिहासिक अङ्क (पूर्णाङ्क ९, २०४८) उल्लेखनीय छन् । यसले प्रजातन्त्रका पक्षधर लेखकहरूलाई प्रोत्साहन दिएको

देखिन्छ । यसको सबैभन्दा पछिल्लो अङ्क २०५६ सालको पुस महिनामा छापिएको छ ।




*बरगाछी*का विभिन्न अङ्कहरूमा नेपाली साहित्यका स्थापित र नवोदित दुबै प्रकारका लेखकहरूले स्थान पाएका छन् । यस पत्रिकामा विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, भीमनिधि तिवारी, डा. डिल्लीराम तिमसिना, देवकुमारी थापा, बालकृष्ण पोखरेल, डा. तारानाथ शर्मा, भानुभक्त पोखरेल, डा. केशवप्रसाद उपाध्याय, डा. लक्ष्मण शास्त्री, नरेन्द्र चापागाईं, जवाहर रोका, परशु प्रधान, प्रमोद प्रधान, महेश प्रसाईं, विवश पोखरेल, लक्ष्मण नेवटिया, इन्दिरा प्रसाईं, कुमारप्रसाद कोइराला, फणीन्द्र नेपाल आदिका साहित्यिक रचनाहरू छापिएका छन् । यस पत्रिकाको अर्को पक्ष राजनीतिक रचनाहरू छाप्नु पनि रहेको छ । यस पत्रिकामा विभिन्न राजनीतिक नेताका विचार अतिरिक्त चिरञ्जीवीप्रसाद रिजाल, दुर्गा सुवेदी, प्रदीप गिरी आदिका राजनीतिक लेखहरू प्रकाशित छन् ।

*बरगाछी*को प्रतिभा र व्यक्तित्व परिचय अङ्कको राजनीतिक खण्डमा विश्वेश्वरप्रसाद कोइराला, मनमोहन अधिकारी, मातृकाप्रसाद कोइराला, चिरञ्जीवीप्रसाद रिजाल र मुक्तिप्रसाद कोइरालाका जीवनीबारे चर्चा छ । त्यसैगरी साहित्यिक खण्डमा देवकुमारी थापा, बालकृष्ण पोखरेल, भानुभक्त पोखरेल र नरेन्द्र चापागाईंका तथा सामाजिक खण्डमा प्रतापनिधि शर्मा र चन्द्रिकाप्रसाद लोहनीका जीवनका विविध पक्षमा चर्चा र प्रकाश पारिएको छ । साथै युवा पृष्ठअन्तर्गत् कविता भट्टराई, विजय गच्छेदार, महेश प्रसाईं, उदयराज प्रसाईं, मिनेन्द्र रिजाल, हरिनारायण चौधरी, प्रमोद प्रधान, संजय कोइराला, कृष्णभूषण बल, रमेश तूफान, डिल्ली चौधरी, अमृत अर्याल र शम्भु धमलाका परिचय र विचारलाई प्रस्तुत गरिएको छ । यसरी त्यसबेलाका विभिन्न क्षेत्रमा सक्रिय युवा प्रतिभाहरूलाई अगाडि बढाउने पुनीत कार्यमा *बरगाछी*को योगदान महत्त्वपूर्ण देखिन्छ । वी.पी. कोइराला स्मृति अङ्कका रूपमा निस्केको पूर्णाङ्क ८ मा सूर्यविक्रम ज्ञवाली, कृष्णचन्द्रसिंह प्रधान, इन्द्रबहादुर राई, केदारमान व्यथित, मदनमणि दीक्षित, तारानाथ शर्मा, बालकृष्ण पोखरेल, दयाराम श्रेष्ठ, चन्द्रेश्वर दुबे, नरेन्द्र चापागाईंसहित विभिन्न लेखकहरूले

वी.पी. कोइरालासम्बन्धी समालोचनाहरू लेखेका छन् । अत्यन्त महत्त्वपूर्ण सामग्रीका कारण यो अङ्क पनि उल्लेखनीय हुन पुगेको छ ।

स्नातकोत्तर क्याम्पस, विराटनगरबाट '*बरगाछी* पत्रिकाको साहित्यिक योगदान' शीर्षकमा शोधपत्र तयार गर्ने सविता शर्माले *बरगाछी* पत्रिकाले पुऱ्याएको योगदानलाई यसरी मूल्याङ्कन गरेकी छन्:

> साहित्य र राजनीति जस्ता दुबै दायित्वमा सामान्यतः समान जागरुक देखिने *बरगाछी*ले आफ्नो अन्तर्निहित उद्देश्यमा तादात्म राख्ने स्रोत र प्रेरणामा पूर्ववर्ती साहित्यिक यात्रा, प्रजातान्त्रिक इतिहाससँगै कुशल स्रष्टा र महान नेता विश्वेश्वरप्रसाद कोइरालालाई निसङ्कोच महत्त्व दिएको देखिन्छ (शर्मा २०५०: १२७) ।
>
> *बरगाछी*ले विशेषतः साहित्यिक र प्रजातान्त्रिक राजनीति, अझ स्पष्ट भन्दा नेपाली कांग्रेसको राजनीतिलाई परोक्ष रूपमा अगाडि बढाएको देखिए पनि सो पत्रिकामा प्रशस्त रचना छापिएका समालोचक नरेन्द्र चापागाईंले भने "*बरगाछी* प्रकाशित गरेर ठूलो प्रजातान्त्रिक सङ्घर्ष गऱ्यौं भन्नेहरूले जेसुकै ठाने पनि म त्यसलाई मान्नेवाला छैन" भनेर आफ्नो राय दिएका छन् (शर्मा २०५०: १४१) ।

## बेला-बेलामा अङ्कुरित हुनेः *आाकुरा*

विराटनगरबाट निस्किरहेको साहित्यिक पत्रिका *आँकुरा*ले आफ्ना अङ्कहरू कहिलेकाहीँ निकालेर भए पनि यहाँको साहित्यिक पत्रिकाको शून्यताको स्थितिलाई चिर्ने प्रयास गर्दै आएको छ । यसको पहिलो अङ्क २०३५ सालको वैशाखमा निस्केको थियो । अहिले करिब २५ वर्ष लामो अवधिमा यसका करिब त्यत्ति नै अङ्कहरू प्रकाशित छन् । यसको पहिलो अङ्कको सम्पादक म आफैँ थिएँ भने तेस्रो अङ्कदेखि यो पत्रिका मेरो र श्यामकुमार अधिकारीको संयुक्त सम्पादनमा निस्कन थालेको थियो । तर २०४० को असारमा निस्केको पूर्णाङ्क ६ सँगै यसको सम्पादन र प्रकाशनको सम्पूर्ण जिम्मेवारी श्यामकुमार अधिकारीले लिए ।

विराटनगरबाट निस्केका साहित्यिक पत्रिकामा *आँकुरा*को आफ्नै महत्त्व र योगदान रहेको छ । यसको पहिलो अङ्कमा महानन्द सापकोटा, देवकुमारी थापा, डा. गणेश भण्डारी, सुशीला भण्डारी, नरेन्द्र चापागाईं, विनोद अश्रुमाली, कृष्णभूषण बल र महेश प्रसाईंजस्ता स्थापित एवं चर्चित लेखक-कविहरूका रचनाहरू छापिएका छन् । यस्तै दोस्रो अङ्क (२०३५ कात्तिक)मा बालकृष्ण पोखरेल, केदार अमात्य, माधवप्रसाद पोखरेल, अशेष मल्ल र ऋषिराज बरालका; तेस्रो अङ्क (२०३६ असोज)मा राजेन्द्र सुवेदी र वासु रिमाल यात्रीका र चौथो अङ्क (२०३७ वैशाख)मा उपेन्द्र श्रेष्ठ, विष्णु नवीन, दिनेश सत्याल, अमर शाह, पुष्पराज प्रधान, मेदिनीप्रसाद शर्मा आदिका

महत्त्वपूर्ण रचनाहरू प्रकाशित छन् । यसपछिका अङ्कहरूमा लक्ष्मण शास्त्री, टेकबहादुर नवीन, नारायण तिवारी, इन्दिरा प्रसाईं, दधिराज सुवेदी, विश्वराज पाण्डे, खेममणि काफ्ले, चक्रपाणी खनाल, राजकुमार पोखरेल, विवश पोखरेल, बद्री भिखारी आदिका रचनाहरू छन् । यसको पहिलोदेखि चौथो अङ्कसम्म प्रमोद प्रधानद्वारा लिइएका क्रमशः गायिका तारादेवी, कविवर माधव घिमिरे, साहित्यकार डा. पिनाकीप्रसाद आचार्य र चित्रकार कर्ण मास्केका अन्तर्वार्ताहरू प्रस्तुत गरिएका छन् । यसको पूर्णाङ्क २४ २०५४ पुसमा निस्केको छ । यसका अघिल्ला अङ्कहरूभन्दा पछिल्ला अङ्कहरू क्रमशः दुब्लाउँदै गएका छन् । जेहोस्, विराटनगरबाट कहिलेकाहीँ झुल्के पनि यसले आफ्नो स्थानबाट सक्दो साहित्यिक सेवा गरिरहेको छ ।

### *आन्दोलन* : सत्यकथा अङ्क छाप्ने पहिलो पत्रिका

२०३७ सालमा पहिलो अङ्क प्रकाशित भएको *आन्दोलन* पत्रिका जम्मा चार अङ्कमात्र प्रकाशित छ । यसको तेस्रो अङ्क 'सत्यकथा अङ्क'का रूपमा निस्किएको थियो । त्यसताका भएका जघन्य अपराधका घटनाहरूसँग सम्बन्धित सत्यतथ्य कुरालाई प्रस्तुत गरिएको यो अङ्क मोरङको पत्रकारिताको इतिहासमै पहिलो हो । यस अङ्कमा नेपालको पहिलो विमान दुर्घटनाबारे सोही दुर्घटनामा पर्ने व्यक्ति मित्रदेव ढुङ्गेलद्वारा लेखिएको सत्यकथासहित जम्मा १२ सत्यकथा छन् । यसले त्यसबेलाका युवा साहित्यकारहरूलाई आफ्नो पत्रिकामा स्थान दिएको देखिन्छ । हुन त सम्पादक रमेश तूफान यस पत्रिकालाई वी.पी. कोइरालाको अराजकतावादी साहित्यिक चिन्तनमा आधारित भएर निकालिएको पत्रिका भन्न रुचाउँछन्, तर पत्रिकामा त्यसप्रकारका रचनाहरू र अराजकतावादी चिन्तनसम्बन्धी विवेचनाहरू भने छैनन् ।

### थारु भाषाको पहिलो पत्रिकाः *हौंली*

पूर्वाञ्चलको मोरङ, सुनसरी, झापा, सप्तरी, उदयपुर आदि जिल्लाहरूमा प्रशस्त मात्रामा थारु जातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । तर यो जाति सबै दृष्टिकोणले पछि परेको छ । थारू जातिको आफ्नै भाषा भए पनि त्यसको जगेर्ना र संरक्षण हुन नसक्दा विस्तारै लोप हुँदै जाने त होइन भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । यही कुरालाई विचार गरेर मोरङ र सुनसरीका केही प्रबुद्ध थारुहरूले २०४२ सालमा समसामयिक पत्रिकाको रूपमा *हौंली*को प्रकाशन गरे । यो पत्रिका पाँच अङ्क निस्केर बन्द भएको अनुमान गरिएको छ । यसको पहिलो अङ्कमा ४ निबन्ध, ३ कथा, ५ कविता र ४ गीत तथा १५ फकडा (गाउँखाने कथा), १५ कहवी (उखान) र ३ पिहानी (केटाकेटीबीच कवितात्मक भाषामा गरिने ख्यालठट्टा, दोहरी गीतजस्तो) छापिएका छन् । त्यसमध्ये डा. ईश्वरचन्द्र विश्वासद्वारा लेखिएको 'अन्धोपन' शीर्षकको एउटा

निबन्ध नेपाली भाषामा रहेको छ । यसबाट पढेका थारुहरूले आफ्नो मातृभाषा क्रमशः बिर्सदै गएको र थारुभन्दा नेपाली भाषा लेख्न सजिलो मान्न थालेको आभाष पाइन्छ । *हौली*को पहिलो अङ्कमा बोधनारायण सरदार, पञ्चलाल माझी र भरतलाल चौधरीका निबन्ध, रामसागर चौधरी, कूलदीप पेश्कार र परशुराम भगतका कथा, सखीचरण चौधरी, बोधनारायण सरदार, फनि श्याम, चन्द्रकुमार चौधरी र बासुदेव प्रसाद चौधरीका कविता तथा पुलकित चौधरी, बालकृष्ण चौधरी, रामसागर चौधरी र बालकृष्ण चौधरीका गीत प्रकाशित छन् । यसमध्ये धेरैजसो मौलिक र केही सङ्कलित र लोककथामा आधारित छन् । यसबाहेक पवित्रादेवी चौधरी, भरतलाल चौधरी र अयोध्याप्रसाद चौधरीका पिहानी, भरतलाल चौधरीका फकडा र अयोध्याप्रसाद चौधरीका कहवी पनि छापिएको छ । यो पत्रिकाले थारु भाषाको संरक्षणका लागि महत्त्वपूर्ण योगदान दिएको भए पनि यसको सम्पादकीय भने थारु भाषामा नभएर नेपालीमा हुनु आश्चर्य लाग्दो तथ्य हो । यसको पहिलो अङ्कमा ३४ पृष्ठ छन् । यो पत्रिका नियमित हुन नसक्नु साह्रै दुःखदायी विषय हो ।

**अन्य सामयिक सङ्कलनहरू**

माथि उल्लिखित पत्रिकाहरूबाहेक अन्य सामयिक सङ्कलनहरू न्यूनतम एक अङ्क र पाँच/छ अङ्कभन्दा बढी छापिएका छैनन् । यी मध्ये स्तरीयताका दृष्टिले *फूलवारी* (२०२२, एक अङ्क), *सामयिक साहित्य* (२०२४, एक अङ्क), *हातेमालो* (२०२५, एक अङ्क), *प्रज्ञा-पृष्ठ* (२०२६, एक अङ्क), *मकालु* (२०२८, तीन अङ्क), *अपुङ्गो* (२०२९, पाँच अङ्क), *साइत* (२०३६, तीन अङ्क), *नवागन्तुक छचल्काहरू* (२०३६, तीन अङ्क), *आवेग* (२०३६, दुई अङ्क), *विराट* (२०३८, आठ अङ्क) र *तरङ्ग* (२०४३, एक अङ्क) महत्त्वपूर्ण छन् । *अपुङ्गो*को पनि मोरङको साहित्यिक पत्रकारिताको क्षेत्रमा आफ्नै किसिमको योगदान छ । यसले त्यसबेला अत्यन्त थोरै साहित्यिक पत्रिका भएको बेला मोरङका नयाँ पुस्ताका साहित्यकार लेखकहरूलाई स्थान दिएर साहित्यतर्फ लाग्न उत्प्रेरित गरेको थियो । तर पत्रिकाको अभावमा यसबारे धेरै चर्चा गर्न सम्भव भएन । *साइत*को २०३६ मङ्सिर-पुसमा निस्केको अङ्क विराटनगर कविताङ्कको रूपमा प्रकाशित छ । जसमा सुशीला, कृष्णभूषण बल, प्रमोद प्रधान, विमल कोइराला, नारायण तिवारी, शैलेश आचार्य, लक्ष्मण नेवटिया, माधवराज आचार्य, शिव गौतम र विक्रम थापा जस्ता त्यसताकाका विराटनगरका जल्दाबल्दा कविका कविता छापिएका छन् । *नवागन्तुक छचल्काहरू*को पहिलो अङ्क अन्तर्राष्ट्रिय बाल वर्षको उपलक्ष्यमा प्रकाशित भएको हो ।

२००९ सालदेखि हालसम्मको साहित्यिक पत्रिकाको इतिहासका आधारमा दुई/चार जनाबाहेक प्रायः रहरले साहित्यिक पत्रिकाको प्रकाशनमा संलग्न भएको पाइन्छ । कतिपय व्यक्तिहरूले सुरुमा साहित्यिक पत्रिका निकाल्ने र

पछि त्यसलाई समाचारपत्रका रूपमा प्रकाशन गर्ने गरेको देखिन्छ । *साइत, प्रारम्भ, सन्देश, फेवा* यस्ता उदाहरण हुन् । कतिपय साहित्यिक पत्रिकामा सम्पादकीय र प्रकाशकीय छैनन् । यस्ता पत्रिकामा *सुसेली, सौदामिनी, हजूर, किल्ला* रहेका छन् । *हजूर, आन्दोलन*मा प्रकाशकको नाम उल्लेख छैन । २०२८ असोजमा प्रकाशित सामयिक सङ्कलन *विकास* र २०२९ वैशाखमा प्रकाशित सामयिक सङ्कलन *किरण*को सम्पादकीय उस्तै छ । *किरण*मा केही शब्द थपथाप गरिएको छ । साहित्यिक पत्रिकाहरूमध्ये केही पत्रिका छाडेर धेरैजसोमा भाषिक अशुद्धि अधिक छ ।

यी साहित्यिक पत्रिका निकाल्ने धेरैजसो व्यक्तिसँग भाषा र साहित्यसम्बन्धी कम ज्ञान भएको देखिन्छ । यस्तो स्थितिमा यिनले भाषिक उत्थान र समाचार पत्रकारिताका लागि सीपवृद्धि जस्ता कार्यमा प्रत्यक्ष अप्रत्यक्ष दुवै किसिमबाट योगदान दिएको देखिँदैन । तथापि यी साहित्यिक पत्रिकाहरूले नयाँ प्रतिभाहरूलाई पाठकसमक्ष पुऱ्याउन, मोरङमा साहित्यिक वातावरणको निर्माण एवं साहित्यिक सक्रियता बढाउन र साहित्यिक पाठकहरू जन्माउन गरेको योगदानलाई भने बिर्सन सकिँदैन । यद्यपि मोरङजस्तो ठाउँबाट एउटै पनि नियमित र स्तरीय साहित्यिक पत्रिका ननिस्कनु भने दुर्भाग्यकै विषय हो ।